हरिनगर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हरिनगरा, सुनसरी

प्रदेश नं. १, नेपाल

# शिलवन्दी बोलपत्र सम्बन्धी सूचना

## प्रथम पटक प्रकाशित मिति २०७८/८/२

यस कार्यालयको चालु आ.व. २०७८/०७९ मा गाउँपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत ५०% अनुदानमा (लागत साझेदारी) वितरण गर्न तपशिलको बिऊ विजन आपूर्ति गर्न सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम शिलवन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट विऊ विजन कार्यको लागि इजाजत प्राप्त निकायहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धि सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. मान्यता प्राप्त बोलपत्र दाताले यस कार्यालयको नाममा रहेको तपशिलमा उल्लेखित बैंक खातामा जम्मा गरेको भौचर, विड सेकुरेटी शिलवन्दी बोलपत्र खोल्ने दिन देखि ९० दिन सम्मको जारी भएको बैंक ग्यारेन्टी वा यस गा.पा. को धरौटी खातामा ३% धरौटी रकम जम्मा गरेको बैंक भौचर, विउ विजन व्यवसायीले विउ विजनको कारोवारको लागि नविकरण गरेको प्राप्त इजाजतपत्र, आयकर तथा मू.अ.कर.दर्ता प्रमाणपत्रको प्रतिलिपि र गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी हरिनगर गाउँपालिकाको कार्यालय, हरिनगराबाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा यस कार्यालयबाट कार्यालय समय भित्र रु.३,०००।- तपसिलको बैंक खातामा दाखिला गरेको भौचर पेश गरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ। खरिद भएको फाराम तथा कागजात १६ औं दिनको १२:०० बजे सम्म शिलवन्दी गरी यस कार्यालयमा बुझाउनु पर्नेछ।

**तपशिल :**

बैंकको नाम : कृषि विकाश बैंक लि. शाखा हरिनगरा, सुनसरी

आन्तरिक राजश्व खाता नं.०६०२४०१३१११७१०९२ (शिलवन्दी बोलपत्र फाराम खरिदको लागि )

धरौटी खाता नं.०६०२४०१३१११७१०४१ (३% धरौटी रकम जम्माको लागि)

२. दर्ता भएका शिलवन्दी बोलपत्र पत्रहरु अन्तिम दर्ता गर्नुपर्ने दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र शिलवन्दी बोलपत्र पत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा हरिनगर गाउँपालिकाको कार्यालय हरिनगरामा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलवन्दी बोलपत्र पत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन। बोलपत्र पत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको भोलिपल्ट खुलेको दिन सोही बमोजिम हुनेछ।

३. शिलवन्दी बोलपत्र भर्दा मू.अ.कर. बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा शिलवन्दी बोलपत्र पत्र दाताको सहिछाप भएको हुनुपर्नेछ।

४. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको शिलवन्दी बोलपत्र पत्रहरु उपर कुनै कारवाही हुनेछैन। बोलपत्र पत्र स्वीकृत गर्न वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

५. उन्नत स्तरको विउ बुझाउन तयार गरिएको शिलवन्दी बोलपत्र पत्र कागजमा उल्लेखित एन.एल.९७१, विजय, गौतम, आदित्य वा सो सरहको जातको गहुँ बिउ बुझाउने स्थान र परिमाण शिलवन्दी बोलपत्र फारममा उल्लेखित भए बमोजिम हुनेछ।

६. खरिद गरिने गहुँ विउ प्रसोधित एवंम उपचारित (गहुँ विउ भाइटाभेक्सले वा सो सरहको नेपालमा पञ्जिकृत भएको विउ उपचार गर्न रोग नाशक विषादीले) गहुँको विउलाई ४० के.जि. क्षमताको जुट बोरामा ४० के.जि.का दरले व्यागिङ, ट्यागिङ समेत गरी तयारी अवस्थाको बुझाउनु पर्नेछ। साथै विउको उमार शक्ति, लगायत उत्पादन सम्बन्धि अन्य सम्पूर्ण गुणस्तर सम्बन्धि जिम्मेवारी शिलवन्दी बोलपत्र पत्र दाताको हुनेछ।

७. गहुँ विउको लागि शिलवन्दी बोलपत्र पेश गर्ने शिलवन्दी बोलपत्रदाताहरुले विजवृद्धि कार्यक्रमको लागि स्रोत विउको रुपमा प्रयोग गर्न आवश्यक पर्ने मुल विउ खरिद गरेको विलको प्रतिलिपि समेत बोलपत्र पत्र साथ पेश गर्नु पर्नेछ। साथै विउ विजन प्रयोगशालाबाट विज वृद्धि खेत निरिक्षण भएको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ।

८. खरिद गरिने विउको सम्पुर्ण विश्लेषणको परिक्षण (उमार शक्ति, शुद्धता र चिस्यानको रिपोर्ट समेत) विउ वितरण, गुणस्तर नियन्त्रण केन्द्र वा सो केन्द्र अन्तर्गतका क्षेत्रिय विउ परिक्षण प्रयोगशालाबाट गराएको हुनु पर्नेछ।

९. यस सुचनामा उल्लेखित नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली २०६४ (संशोधन सहित) , विउ विजन ऐन र नियमावली, २०६९ बमोजिम हुनेछ।

१०.शिलवन्दी बोलपत्र पत्र पेश गर्दा विउ विजन नियन्त्रण तथा गुणस्तर केन्द्रबाट विउ उत्पादनको लागि पाएको अनुमति प्रमाण-पत्र पेश गर्नु पर्नेछ।

११. गाउँपालिका कार्यालयले सम्बन्धित आपुर्तिकर्तालाई रकम भुक्तानी गर्दा ५०% रकम कृषक सहभागिताबाट प्राप्त भएपश्चात मात्र भुक्तानी गरिनेछ। साथै सो रकम भुक्तानीको सुनिश्चितता गाउँपालिकाले गर्नेछ।

१२. यो सुचना हरिनगर गाउँपालिकाको वेभसाइट www.harinagaramun.gov.np मा समेत राखिएको छ।

**तपशिल**

| क.स. | ठेक्का नं. | विवरण | परिणाम | एकाई | इस्टिमेट रकम (भ्याट वाहेक) | विड सेकुरेटी रकम (रु.) | शिलवन्दी बोलपत्र फाराम दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | HRM/SEED SUPPLY/०६/२०७८/०७९ | गहुँ विउँ एन.एल.९७१/विजय/गौतम/ आदित्य वा सो सरह ) | २७०२७.०२ | के.जि. | १९,९९,९९९।४८ ढुवानी सहित | ६०,०००।०० | ३,०००।०० | |

नि. प्रमुख प्रशासकीय अधिकृत